# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको

## चौथो वार्षिक साधारण सभाको विवरण निर्णयहरु

### सभाको वैधानिकता

यो सभा कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको २०७७ साल माघ १६ गते बसेको बैठकले तोकेबमोजिम मिति २०७७ साल फाल्गुण २८ गतेको लागि बोलाइएको हो । सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) अनुसार र संस्थाको नियमावलीको नियम १८ (३) बमोजिम चौथो वार्षिक साधारण सभाको सूचना पठाइएको र कम्पनी ऐन २०६३ को दफा ७३ तथा संस्थाको नियमावलीको नियम २३ अनुसार गणपुरक संख्या पुगेकाले सभा बैधानिक भएको कुरा कम्पनी सचिवले सभामा जानकारी दिनुभयो र सभाको सभापतित्व ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री युवराज भण्डारीलाई अनुरोध गर्नुभयो ।

### सभाको मिति, समय र स्थान :

मिति : २०७७ साल फाल्गुण २८ गते शुक्रबार (१२ मार्च २०२१)
समय : विहानको ११ :०० बजे
स्थान : ह्वाइट हाउस पार्टि प्यालेस शुक्लागण्डकी न.पा. -४, तनहुँ ।

### सभाको सूचना प्रकाशन

कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार संस्थाको चौथो वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरुको विवरण खुलाएर शेयरधनीहरुलाई वहाँहरुको व्यक्तिगत ठेगानामा यथासमयमा पठाएको साथै सोही व्यहोराको सूचना मिति २०७७ साल माघ १८ र १९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

### साधारण सभाको विषयसूची :

**क** **सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. २०७७ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०७६/२०७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरिएको रु. ८,७४,३०२.६३ (अक्षरेपी रु.आठ लाख चौहत्तर हजार तिनसय दुई रुपैंया पैसा त्रिसट्ठी मात्र ) नगद लाभांश बोनश शेयरको कर प्रयोजनको लागी पारित गर्ने ।

४. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७७/२०७८ को कारोवारको लेखापरिक्षण गर्नकोलागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक श्री पि.वाई.सि. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

**ख** **विशेष प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पुँजीको १५ प्रतिशतले हुने रु. १,६६,११,७५०/- (रु. एक करोड छैसट्ठी लाख एघार हजार सातसय पचास मात्र) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने । स्वीकृत बोनस शेयर बमोजिमको पूँजीगत संरचना परिवर्तनका लागी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

**सभाको निर्णय :**

क सामान्य प्रस्तावहरु उपरको निर्णय

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आर्थिक बर्ष २०७६/२०७७ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. २०७७ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०७६/२०७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्न सभा समक्ष प्रस्ताव पेश हुँदा सर्वसम्मतिले पारित गरियो ।

३. संचालक समितिबाट प्रस्ताव गरिएको रु. ८,७४,३०२.६३ (अक्षरेपी (रु.आठ लाख चौहत्तर हजार तिनसय दुई रुपैंया पैसा त्रिसट्ठी मात्र ) नगद लाभांश बोनश शेयरको कर प्रयोजनको लागी सर्वसम्मतिले पारित गरियो ।

४. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७७/२०७८ को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक PYC & Associates, Chartered Accountants काठमाडौंलाई वार्षिक मु.अ.क. बाहेक ७५ हजार पारिश्रमीक तथा प्रति व्यक्ति दैनिक भ्रमणभत्ता २,५००/- र बास्तविक बसभाडा खर्च उपलब्ध गराउने गरी नियुक्त गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ख विशेष प्रस्तावहरु उपरको निर्णय**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पुँजीको १५ प्रतिशतले हुने रु. १,६६,११,७५०/- (रु. एक करोड छैसट्ठी लाख एघार हजार सातसय पचास मात्र) बोनश शेयर वितरण गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै बोनस शेयर समायोजन पश्चात संस्थाको पुँजीगत संरचनामा परिवर्तन हुने भएको हुँदा प्रबन्धपत्रको दफा ६ (ख) र (ग) वित्तीय संस्थाको पूँजीगत संरचनामा निम्न बमोजिम हुनेगरी संसोधन गर्ने निर्णय भयो । साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट स्वीकृत गराउने क्रममा कुनै थपघट गर्न वा सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव समेत सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्धपत्रको दफा ६ (ख)** : वित्तीय संस्थाको जारी पुँजी रु. १२,७३,५६,७५०/- (अक्षरेपि बाह्र करोड त्रिहत्तर लाख छपन्न हजार सातसय पचास मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००/- दरका १२,७३,५६७.५० (बाह्र लाख त्रिहत्तर हजार पाँचसय साढे सतसट्ठी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**प्रबन्धपत्रको दफा ६ (ग)** : वित्तीय संस्थाको चुक्ता पुँजी रु. १२,७३,५६,७५०/- (अक्षरेपि बाह्र करोड त्रिहत्तर लाख छपन्न हजार सातसय पचास मात्र) हुनेछ ।

२. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा २ (१) तथा नियमावलीको नियम २ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना तल विवरणमा उल्लेख भए बमोजिम हुनेगरी संसोधन गर्ने विशेष प्रस्ताव छलफल गरी पारितगर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट स्वीकृत गराउने क्रममा कुनै थपघट गर्न वा सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियम २ बमोजिम वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रहने ठेगाना सम्बन्धि विशेष प्रस्ताव छलफल गरी पारितगर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट स्वीकृत गराउने क्रममा कुनै थपघट गर्न वा सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समभ्रुदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव गर्ने ।

## ग विविध

### उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

| | |
|---|---|
| श्री युवराज भण्डारी | अध्यक्ष |
| श्री इन्द्र बहादुर अधिकारी | सञ्चालक |
| श्री सजल मास्के | सञ्चालक (प्रतिनिधी – सर्वसाधारण शेयरधनी) |
| श्री प्रकाश खरेल | सञ्चालक (प्रतिनिधी – सर्वसाधारण शेयरधनी) |

### पदाधिकारीहरुको उपस्थिति :

श्री अच्यूत राज सापकोटा प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

### गणपूरक संख्या :

संस्थापक शेयरधनीको संख्या : २१
सर्वसाधारण शेयरधनीको संख्या : २६,५१२

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधिद्वारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| **शेयरधनीको संख्या** | २६,५३३ | १८ | ७ | २५ | ०.०९ |
| **शेयर संख्या** | ११,०७,४५० | ४,७७,८५८ | १,१४,९४२ | ५९२८०० | ५३.५३ |

### सभा सञ्चालन र प्रतिवेदन प्रस्तुति

सञ्चालक समितिका अध्यक्ष तथा चौथो वार्षिक साधारण सभाका सभापति श्री युवराज भण्डारीले चौथो वार्षिक साधारण सभा प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो र उक्त प्रतिवेदन माथि छलफल गर्न तथा सुझाव दिन अनुरोध गर्नुभयो ।

### सभामा बोल्ने वक्ताहरु

सभामा उपस्थित अधिकांश शेयरधनीहरुले जोखीम न्यूनिकरण गर्ने तथा गुणस्तरमा ध्यान दिनु पर्ने लगायतका राय सुझावहरु व्यक्त गर्नुभयो ।

संशोधनको विवरण निम्न अनुसार रहेकोछ ।

| दफा | हाल भएको व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| प्रबन्धपत्रको दफा २ (१) | **वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय तनहुँ जिल्लाको सुक्ला गण्डकी नगरपालिका वडा नं. ३ (साविक) दुलेगौंडामा रहने छ । | **वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय तनहुँ जिल्लाको सुक्ला गण्डकी नगरपालिका वडा नं. ४ (साविक) दुलेगौंडामा रहने छ । | स्थानिय निकायहरु समायोजन हुँदा वडा परिवर्तन भएको कारण । |
| नियमावलीको नियम २ | **वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय तनहुँ जिल्लाको सुक्ला गण्डकी नगरपालिका वडा नं. ३ (साविक) दुलेगौंडामा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली लघु वित्तीय कारोवार विस्तार गर्न सकिनेछ । | **वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय तनहुँ जिल्लाको सुक्ला गण्डकी नगरपालिका वडा नं. ४ (साविक) दुलेगौंडामा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली लघु वित्तीय कारोवार विस्तार गर्न सकिनेछ । | स्थानिय निकायहरु समायोजन हुँदा वडा परिवर्तन भएको कारण । |

३. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने / गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

ग **विविध**

१. विविध प्रस्ताव अन्तर्गत यस चौथो वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागी संचालक समितिको अध्यक्ष, एक संचालक तथा कम्पनी सचिवको हस्ताक्षर हुने निर्णय गरियो ।

**धन्यवाद / सभा विसर्जन**

सभाको सभापतित्व गर्नुभएका सञ्चालक समितिका अध्यक्ष श्री युवराज भण्डारीज्यूबाट यस चौथो वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आ-आफ्नो भूमिका कुशल पूर्वक निर्वाह गरी सभालाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिँदै सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| युवराज भण्डारी | इन्द्र बहादुर अधिकारी | अच्युत राज सापकोटा |
| (अध्यक्ष) | (संचालक) | (कम्पनी सचिव) |